त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् र बिक्री कार्यको ठेक्का बन्दोबस्तीको लागि शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०४)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) र दफा ६२(क), नेपाल सरकारको ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ र अनुसुची ६, त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८० को व्यवस्था र त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८१/०७/३० गतेको निर्णय तथा मिति २०८१/०८/०३ गतेको राजस्व परामर्श समितिको बैठको निर्णय बमोजिम आ.व. २०८१/०८२ मा यस त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्रका नदी/खोलाहरुको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् गरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी देहाय बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म तथा कम्पनीलाई तोकिएका कागजातहरु संलग्न राखी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिलबन्दी दरभाउ-पत्र प्रकृयामा सहभागी हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| ठेक्का नं. | दरभाउ-पत्रको नाम/विवरण | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मू.अ. कर बाहेक) | धरौटी रकम | फाराम शुल्क रु. |
|---|---|---|---|---|---|
| **TRM/01/081/082** | त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका नदी/खोलाहरुमा पर्ने (सिवाङ खोला, दुम्लो दोभान,सिवाङ र चक्री खोला दोभान र रातोपहरा) | ५५०० (पाँच हजार पाँच सय मात्र) | रु.११,७०,०००।– (रु.एघार लाख सहत्तर हजार मात्र) | कबोल गरेको अङ्कमा मू.अ. कर जोडी उक्त रकमको ५ प्रतिशतले हुन आउने रकम नगदै वा कम्तिमा १२० दिन म्याद भएको बैङ्क जमानत | १,०००/- |

**शर्तहरुः**

१. दरभाउ-पत्र फाराम खरिद गर्न इच्छुक फर्म वा कम्पनीले फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र र दरभाउ-पत्र फाराम दस्तुरवापत यस कार्यालयमा नगदै तिरेको रसिद सहित निवेदन पेश गरी कार्यालय समयभित्र दरभाउ-पत्र फाराम खरिद गर्न सकिनेछ। दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा भएमा सो को लगत्तै पछिल्लो कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. : +977-16608644965 | Phone No.: +977-9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email :info@trivenimunrolpa.gov.np

CamScanner

२. दरभाउ-पत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अङ्कको मू.अ. कर र अग्रीम करसहित ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क जुगार शाखामा रहेको धरौटी खाता नं. ०७१०१०४०२५१४६४ मा रकम जम्मा गरी सो को सक्कल बैङ्क भौचर वा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त (क) वर्गको बैङ्कबाट यस कार्यालयको नाममा दरभाउ-पत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरेको जमानत-पत्र पेश गर्नुपर्नेछ।

३. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउ-पत्र अर्को फर्म वा कम्पनीको नामबाट दर्ता गर्न पाइने छैन। रितपूर्वक पर्न आएका दरभाउ-पत्रहरु कागजात पेशगर्ने अन्तिम दिनको भोलिपल्ट २ बजे सम्बन्धित निर्माण व्यवसायी वा निजहरुका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउ-पत्र खोल्ने समयमा दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न कुनै बाधा पर्नेछैन।

४. दरभाउ-पत्र सम्बन्धी विस्तृत जानकारी दरभाउ-पत्र फाराममा उल्लेख गरिएको हुँदा सोही फारमबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपूगी वा शर्तसहित पेश हुन आएका दरभाउ-पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. दरभाउ-पत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाण-पत्रसमेत लिई कबोल अङ्कको प्रथम किस्तावापत ६० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्तावापत ४० प्रतिशतले हुने रकम मिति २०८२ जेठ १५ गतेसम्म यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ। नियमानुसार गाउँपालिका वा नेपाल सरकारलाई बुझाउनु पर्ने आयकर तथा अन्यकर दरभाउ-पत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउ-पत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकामा रहेका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र त्रिवेणी गाउँपालिकाबाट जारी अन्य प्रचलित कानुन वा मापदण्ड वमोजिम हुनेछ। यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन यस दरभाउ-पत्रको मुख्य अङ्ग मानिनेछ।

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner